म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- ७९ २०८२ माघ २३ गते शुक्रबार 6 February 2026, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

## चुनावअघि कुनै गठबन्धन हुँदैन : कांग्रेस

काठमाडौं : नेपाली कांग्रेसले चुनावअघि कुनै पनि दलसँग गठबन्धन नगर्ने बताएको छ। कांग्रेस केन्द्रीय प्रचारप्रसार समितिले बिहीबार आयोजना गरेको पत्रकार सम्मेलनमा प्रवक्ता देवराज चालिसेले पार्टीले एक्लै चुनावी प्रतिस्पर्धा गर्न लागेको र सबै १ सय ६५ निर्वाचन क्षेत्रमा आफ्ना उम्मेदवार कायम रहेको जानकारी दिनुभयो। प्रवक्ता चालिसेले पार्टी पूर्णरूपमा चुनावी प्रक्रियामा केन्द्रित रहेको बताउनुभयो। उहाँले संसद् पुनर्स्थापनालगायतका विषयमा चलेका हल्लाहरूको विषयमा पार्टीको कुनै टिप्पणी नभएको उल्लेख गर्नुभयो। चालिसेले स्वतन्त्र, निष्पक्ष, भयरहित र सुरक्षित वातावरणमा मतदान तथा प्रचारप्रसार गर्न पाउनु नागरिक र राजनीतिक दलको अधिकार भएको उल्लेख गर्दै त्यसको व्यवस्था गर्न सरकारलाई आग्रह गर्नुभयो।

### जन्ती बोकेको बस दुर्घटना

# ८ जनाको मृत्यु



*दुर्घटनाग्रस्त बस।*

**समाज संवाददाता**

बझाङ : बैतडीमा जन्ती बोकेको बस दुर्घटना हुँदा ८ जनाको मृत्यु भएको छ। बैतडीको पुर्चौडी नगरपालिका वडा-७ को भौनीबाट बेहुली लिएर बझाङको सुनकुडातर्फ फर्किंदै गरेको बस पुर्चौडी-७ कै बडगाउँ घुम्तीमा दुर्घटना भएको हो। पवनदूत यातायातको सुपप्र ०२-००१ ख १११९ नम्बरको बस दुर्घटनामा परेर ८ जनाको मृत्यु भएको जानकारी आएको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रमुख डीएसपी दीपककुमार रायले बताए।

मृतकमा एक महिला र सात पुरुष छन्। मृत्यु हुनेमा बझाङ बित्थडचिर गाउँपालिका-७ का ४० वर्षीय केशवराज जोशी, १३ वर्षीय अशोकराज जोशी, ३५ वर्षीय बसन्त जोशी, ४१ वर्षीय बिष्णुदत्त जोशी, ४२ वर्षीय नरेशराज जोशी, केदार स्यु गाउँपालिकाका ६० वर्षीय मोहनदेव भट्ट, जयपृथ्वी नगरपालिका-७ का ४० वर्षीय बसन्तराज रतला र बैतडी पुर्चौडी-७ का ४० वर्षीया पुष्पा अवस्थी रहेको डीएसपी रायले बताए। ४५ जनाको उद्दार गरी कोटीला स्वास्थ्य चौकी पठाएको प्रहरीले जनाएको छ।

बस सडकबाट करिब २ सय मिटर तल खसेको थियो। घटनास्थलमा स्थानीय र प्रहरीले उद्दारको काम गरेका थिए। उकालो सडकमा अत्यधिक भारका कारण बस दुर्घटनामा परेको हुन सक्ने प्रहरीले जनाएको छ।

# चितुवाको आक्रमणबाट एकै दिन दुईको मृत्यु

बर्दिया : चितुवाको आक्रमणबाट बर्दियामा एकै दिन दुई जनाले ज्यान गुमाएका छन्। मृत्यु हुनेमा मधुवन नगर पालिका वडा नं ९ गाउँ नं १३ बस्ने ४९ वर्षीया मैसारा डाँगी र गुलरिया नगरपालिका वडा नं ४ तुल्सीपुर बस्ने ३५ वर्षीय नन्दु रोकाय रहेका छन्। डाँगीलाई नेपाल-भारत सिमा नजिक बारीमा छिमेकीहरूसँग घाँस काट्दै गर्दा चितुवाले आक्रमण गरी भारतीय वनतर्फ लगेको थियो। खोजबिनको क्रममा दशगजा नजिकै बारीमा उनको शव फेला परेको जिल्ला प्रहरी कार्यालय बर्दिया प्रहरी नायव उपरीक्षक देवेन्द्र कुमार मल्लले बताए। त्यसैगरी मृतक रोकाय बबई नदी तरेर बारबर्दिया नगरपालिकाको वडा नं ११ मा रहेको जनजागृती सामुदायिक वनमा घाँस काट्न जाँदै गर्दा चितुवाले आक्रमण गरेको प्रहरीले जनाएको छ। यस अघि गत माघ ७ गते सोही गाउँमा तोरी उखाल्ने क्रममा चितुवाको आक्रमणबाट बार बर्दिया नगरपालिका वडा नं ११ बेलभारकी खिदनी थारूको मृत्यु भएको थियो। डिभिजन वन कार्यालयको तथ्यांक अनुसार, गत साउन यता सात जना चितुवाको आक्रमणबाट, एक जना पाटेबाघको आक्रमणबाट र दुई जना जंगली हात्तीको आक्रमणबाट मृत्यु भएको छ। *स्रोत : अनलाइनखबर।*

# मकवानपुरमा एसईई तयारी परीक्षा सुरु



*हेटौंडा-१६, हटियास्थित जनप्रिय माविमा एसईई तयारी परीक्षा दिँदै विद्यार्थी।*

**समाज संवाददाता**

हेटौंडा : मकवानपुरमा एसईई तयारी परीक्षा सुरु भएको छ। बिहीबार देखि मकवानपुरको हेटौंडा उपमहानगर, कैलाश गाउँपालिका, बकैया गाउँपालिका, मनहरी गाउँपालिका र मकवानपुरगढी गाउँपालिकाका विद्यालयमा एसईई तयारी परीक्षा सुरु भएको हो।

संस्थागत र सामुदायिक दुबै विद्यालयमा परीक्षा एक साथ सुरु भएको छ। नगरस्तरीय शैक्षिक समन्वय समितिले तयार पारेको प्रश्नपत्रका आधारमा परीक्षा हेटौंडा उपमहानगरपालिका र अन्य पालिकामा परीक्षा भएको समितिका अध्यक्ष भोगेन्द्र लुइटेलले जानकारी दिनुभयो। हेटौंडा उपमहानगरपालिकाका २८ वटा विद्यालय, बकैया र कैलाश गाउँपालिकाका सबै विद्यालय, मनहरी गाउँपालिकाका ६ वटा विद्यालय र मकवानपुरगढी गाउँपालिकाका ६ वटा विद्यालयले पनि नगरस्तरीय शैक्षिक समन्वय समितिले तयार पारेको प्रश्नपत्र प्रयोग गरेर तयारी परीक्षा सञ्चालन गरेको हो।

हेटौंडा उपमहानगरपालिकाको भुटनदेवी मावि र बालज्योति माविले भने फागुनमा परीक्षा लिने जनाएको छ। नगरस्तरीय शैक्षिक समन्वय समितिको प्रश्नपत्र प्रयोग गरेर हेटौंडा, बकैया, कैलाश, मकवानपुरगढी र मनहरीका विद्यालयमा २ हजार ६ सय ४२ जना विद्यार्थीले परीक्षा दिएका छन्। परीक्षा दिनको १ बजे सुरु भएर ४ बजेसम्म सञ्चालन भएको थियो। हेटौंडाका २८ वटा विद्यालयका १ हजार ६ सय ४७ जना विद्यार्थीले पहिलो दिनको परीक्षा दिएका छन्। हेटौंडा-१८ स्थित गोरक्षेश्वर मावि र ज्योति माविले भने परीक्षाकेन्द्रको रुपमा साटासाट गरेर विद्यार्थीलाई परीक्षामा सहभागी गराएका छन्।

यस्तै निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) मार्फत देशभर एसईई तयारी परीक्षा बिहीबारबाटै सुरु भएको छ। मकवानपुरका ३७ वटा संस्थागत विद्यालयका १ हजार ३ सय ५१ जना विद्यार्थीले एसईई तयारी परीक्षामा सहभागी छन्। प्याब्सन मकवानपुरले जिल्लामा परीक्षा केन्द्र निर्धारण गरेर विद्यार्थीले फरक विद्यालयमा परीक्षा दिएका छन्। हेटौंडा उपमहानगरमा हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-४ स्थित ब्रह्मदिक् एकेडेमी, हेटौंडा-५ स्थित सिद्धार्थ शिशु सदन र रिलायन्स एकेडेमी, हेटौंडा-१० स्थित तुलसीमेहर मेमोरियल स्कूल र सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीमा परीक्षा केन्द्र निर्धारण गरिएको छ। यस्तै मनहरीमा युनाइटेड बोर्डिङ स्कूल र युनिभर्सल लर्निङ एकेडेमीमा परीक्षा केन्द्र तोकिएको छ भने थाहा नगरमा पालुङ बहुमुखी क्याम्पस र बज्रबाराही माविमा परीक्षा सञ्चालन गरिएको छ।

प्याब्सनले बिहान ७ बजेदेखि परीक्षा सञ्चालन गरिरहेको छ। यस वर्षको एसईई आगामी चैत १९ गतेदेखि २९ गतेसम्म सञ्चालन हुँदैछ।




जनहितका लागि

**समृद्ध समाज राष्ट्रिय दैनिक**

हेटौंडा, मकवानपुर



# हार्दिक बधाई



**प्याब्सन मकवानपुर**ले आयोजना गरेको **वार्षिक खेलकुद सप्ताह**अन्तर्गत छात्र क्रिकेटतर्फ उपाधि जित्दै विद्यालयको गौरव बढाउन सफल क्रिकेट टिमका खेलाडी विद्यार्थी, खेल शिक्षकलाई हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनमा पनि निरन्तर सफलताका लागि प्रयत्नशील र हन शुभकामना समेत व्यक्त गर्दछौं ।

**सिद्धार्थ शिशु सदन मावि परिवार**

हेटौंडा-५, मकवानपुर

## सम्पादकीय

# चुनाव खर्च पारदर्शी बनाउने प्रयास

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको वातावरण तातिँदै गएको छ । उमेदवारको मनोनयनसँगै अनौपचारिक प्रचार प्रसार तिब्र बन्दै गएको छ । निर्वाचन आयोगले चुनावलाई मर्यादित र मितव्ययी बनाउन औपचारिक प्रचारप्रसारको समय १५ दिनमात्र दिए पनि उम्मेदवारहरुले त्यसअघि नै चुनावी कार्यक्रम, भेटघाट, घरदैलोलाई तिब्रता दिइरहेका छन् । पछिल्लो समय निकै खर्चिलो बनिरहेको निर्वाचनलाई मितव्ययी बनाउन र खर्चलाई पारदर्शी बनाउन आयोगले केही सकारात्मक कामसमेत गर्दै आएको छ । आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि सरकारले मात्रै ३० अरबभन्दा बढी खर्च गर्दैछ भने राजनीतिक दल तथा उम्मेदवारले गर्ने खर्च त्यसको धेरै गुणा हुने निश्चित छ ।

निर्वाचनमा उम्मेदवारले गर्ने खर्चका लागि अलग्गै बैंक खाता खोल्नुपर्ने व्यवस्था निर्वाचन आयोगले गरेको छ । आयोगले बुधबार निर्वाचन प्रचारप्रसार बैंक खाता सञ्चालन गर्न सूचना जारी गरेपछि प्रदेश निर्वाचन कार्यालय मकवानपुरले पनि उम्मेदवारहरुलाई अलग्गै बैंक खाता खोल्न पत्राचार गरेको छ । आयोगले मंगलबार निर्वाचन प्रचारप्रसार बैंक खाता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ पारित गर्दै क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थामा अनिवार्य खाता खोल्न निर्देशन दिएको हो । समानुपातिक र प्रत्यक्ष निर्वाचनका लागि उम्मेदवारी दिएका सबै उम्मेदवारहरुले निर्वाचन प्रचारप्रसारका निमित्त आर्थिक सहयोग लिई गर्ने आम्दानी खर्च कारोबार सोही खातामार्फत गर्न र खाता खोल्नका लागि राजनीतिक दल र उम्मेदवारलाई आग्रह गरिएको छ । निर्वाचन आयोग र मातहतका कार्यालयको सिफारिसबाट खाता खोल्नुपर्ने भएकाले निर्वाचन कार्यालयले उम्मेदवारलाई पत्राचार गरेको हो ।

राजनीतिक दल तथा उम्मेदवारहरुले निर्वाचनका लागि गरेको खर्चको अनुगमन गर्न कोष तथा लेखा नियन्त्रक कार्यालयलाई जिम्मेवारी दिइएको छ । कार्यालयले खाता खोले नखोलेको, एकभन्दा बढी प्रतिनिधिले खर्च गरे नगरेको, प्रचारमा सार्वजनिक सम्पत्ति प्रयोग गरे नगरेको, गैरसरकारी तथा सार्वजनिक संस्थाहरुबाट आर्थिक सहयोग लिए नलिएको अनुगमन गर्नुका साथै सभा तथा अन्य कार्यक्रममा हुने खर्चसमेत हेर्नेछ । निर्वाचन आयोगले प्रत्यक्षतर्फका उम्मेदवारका लागि २२ देखि ३३ लाख रुपैयाँसम्म खर्च सीमा तोकेकोमा मकवानपुर जिल्लाका उम्मेदवारहरुले पनि ३३ लाख रुपैयाँसम्म खर्च गर्न पाउनेछन् । कोष तथा लेखा नियन्त्रक कार्यालयले आयोगले ताकेको सीमाभित्र उम्मेदवारले खर्च गरेको वा बढी गरेको अनुगमन गरेर निर्वाचन कार्यालयलाई विवरण पेश गर्नुपर्नेछ ।

आयोगको यस कार्यविधिले उम्मेदवारले गर्ने आम्दानी खर्चलाई केही हदसम्म व्यवस्थित र पारदर्शी बनाउने सम्भावना भए पनि सबै खर्च बैंक खातामार्फत हुनेमा विश्वस्त हुन सक्ने अवस्था भने छैन । विगतको निर्वाचनहरुमा पनि कतिपय उम्मेदवारले गर्ने खर्च आयोगले तोकेको सीमाभन्दा कयौं गुणा बढी हुने गरेको पाइएको छ । कडा प्रावधानसहितको आचारसंहिता लागू गरेर निर्वाचन खर्चलाई समेत मितव्ययी र पारदर्शी बनाउन आयोगले गरेको प्रयासलाई राजनीतिक दल तथा उम्मेदवाहरुले साथ दिनु आवश्यक छ । निर्वाचन जित्नका लागि पैसा खर्च गर्नैपर्ने बाध्यता बन्यो भने त्यसले भ्रष्टाचार बढाउने निश्चित छ । निर्वाचनमा पर्याप्त खर्च गर्न नसक्ने स्वच्छ छविका उम्मेदवार विजयी हुनै नसक्ने अवस्थासमेत सिर्जना हुनसक्ने भएकाले खर्चलाई पारदर्शी र मितव्ययी बनाउनै पर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : मित्र वर्गको सहयोगले महत्वपूर्ण कार्य हुने योग छ ।
**वृष** : सामाजिक एवम् परोपकारी बनिने समय योग छ ।
**मिथुन** : नयाँ ठाउँको यात्रा योगमा सरिक भइने समय छ ।
**कर्कट** : निर्णय क्षमतामा दृढता आउने समय योग छ ।
**सिंह** : व्यय स्थानको चन्द्रमाले खर्च बढाउने छ ।
**कन्या** : थप कामका लागि हौसला प्राप्त हुने योग छ ।
**तुला** : अरुको काममा समय व्यतित हुने समय योग छ ।
**वृश्चिक** : मान सम्मान र प्रशंसा बटुल्न सकिने छ ।
**धनु** : आफन्तको सर-सहयोगमा मन जाने समय छ ।
**मकर** : आकस्मिक रुपमा धन प्राप्त भएपनि व्यय होला ।
**कुम्भ** : व्ययभार बढ्नाले मन अशान्त हुने समय छ ।
**मीन** : व्यापार-व्यवसाय ठिकै रहने समय योग छ ।

# प्रधानाध्यापक छनौटका आधारहरु, वर्तमान अभ्यास र अपेक्षा



✍ **रमेश प्रसाद लामिछाने**

प्रचलित शिक्षा नियमावलीको परिच्छेद १७ नियम नं. ९३ मा विद्यालयको प्रधानाध्यापक सम्बन्धी व्यवस्था उल्लेख गरिएको छ। प्रधानाध्यापकका लागि तहगत आवश्यक शैक्षिक योग्यता लगायत नियुक्ती तथा छनौटका आवश्यक विधि र प्रक्रियाका अतिरिक्त प्रधानाध्यापकका काम, कर्तव्य र अधिकारका बारेमा उक्त परिच्छेद अन्तर्गतका नियमहरुमा उल्लेख गरिएको छ । सो बमोजिम अनुसूची १३ मा प्रधानाध्यापक छनौटका लागि कूल पूर्णाङ्क १०० का लागि विभिन्न ६ वटा आधारहरु तोकिएका छन् ।

१. उक्त ६ वटा आधारहरु मध्ये पहिलोमा शैक्षिक योग्यता अन्तर्गत न्यूनतम शैक्षिक योग्यताका लागि १५ अंक र माथिल्लो शैक्षिक योग्यताका लागि १० अंक भनिएको छ। प्रथम, द्वितीय र तृतिय श्रेणीमा २/२ अंकको अन्तर गरिएको छ। साथै १० वर्ष स्थायी सेवा गरेका स्नातक तह शैक्षिक योग्यताको हकमा माथिल्लो शैक्षिक योग्यता सरह अंक दिइने समेत उल्लेख गरिएको छ ।

२. दोश्रो आधारमा शिक्षण अनुभव वापत २५ अंक तोकिएको छ। अनुभवलाई सम्बन्धित तहको स्थायी शिक्षकले प्रथम श्रेणी भए प्रतिवर्ष २.५ अनि द्वितीय श्रेणी भए प्रतिवर्ष २.० अंक र तृतीय श्रेणीको भए प्रतिवर्ष १.५ अंकका दरले पाउने भनिएको छ ।

३. तेश्रो आधारमा तालिम वापत शैक्षिक तालिम अन्तर्गत १०.० अंक र विद्यालय व्यवस्थापन तालिम अन्तर्गत २.० अंक तोकिएको छ । शैक्षिक तालिम वापतको १०.० अंक भने प्रथम श्रेणीलाई १०.० अंक, दोश्रो श्रेणीलाई ८.० अंक र तृतीय श्रेणीलाई ६.० अंक किटानी गरिएको छ ।

४. यसैगरी चौथो आधारमा अध्यापन गरेको विषयमा प्राप्त नतिजाका लागि १२.० अंक निर्धारण गरिएको छ। पछिल्ला ३ वर्षलाई आधार मानेर हरेक वर्ष बढीमा ४.० अंक तोकिएको छ। उक्त अंक प्रदान गर्दा सम्बन्धित शिक्षकले अध्यापन गरेको विषयको कक्षागत औसत उत्तीर्ण प्रतिशतलाई सम्बन्धित विषयको भौगोलिक इकाईको औसत उत्तीर्ण प्रतिशतले भाग गरी आएको परिणामलाई ४ ले गुणन गर्ने सूत्र समेत तोकिएको छ । अन्य विद्यालयको शिक्षक प्रधानाध्यापकको उम्मेदवार भएको अवस्थामा नीजले पढाएको विद्यालयको विद्यार्थीको उपलब्धिको आधारमा मूल्याङ्कन गरिने भनिएको छ ।

५. पाँचौ आधारमा, विद्यालय विकास प्रस्तावमा १०.० अंक र उक्त प्रस्तावको प्रस्तुतीकरणका लागि ४.० अंक गरी जम्मा १४.० अंक निर्धारण गरिएको छ । यसै अनुसूचीमा विद्यालय विकास प्रस्तावको ५ वटा बुँदामा उक्त प्रस्तावको कार्य ढाँचा समेत तोकिएको छ । उक्त बुँदाहरुमा वर्तमान शैक्षिक र आर्थिक अवस्था, विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धि, वर्तमान अवस्था र अपेक्षित उपलब्धिका सूचकगत अन्तर, अपेक्षित उपलब्धि हासिल गर्ने श्रोत पहिचान सहितको कार्य योजना र कार्ययोजनाका मूल्याङ्कनका सूचकहरु, हुनुपर्ने व्यवस्था गरिएको छ ।

६. छैठौं अर्थात अन्तिम आधारमा नेतृत्व लिने क्षमता अन्तर्गत जम्मा १२.० अंक तोकिएको छ । यस अन्तर्गत शिक्षा अधिकारीको मूल्याङ्कनमा ५.० अंक र व्यवस्थापन समितिको मूल्याङ्कनमा पनि ५.० अंक अनि सम्बन्धित विद्यालयका शिक्षकहरुको मूल्याङ्कनबाट २.० अंक गरी विभाजन गरिएको छ । नेतृत्व लिने क्षमताको मूल्याङ्कनका आधारहरुमा, शिक्षण पेशाप्रति निष्ठावान तथा लगनशील, विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पण भाव, विद्यार्थी, शिक्षक र व्यवस्थापन समिति बीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता, उत्तरदायित्व र पारदर्शिता सम्बन्धी व्यवहार, समेत ४ वटा बुँदाहरुमा अति उत्तमलाई १.२५, उत्तमलाई १.०, मध्यमलाई ०.७५ र सामान्यलाई ०.५ अंकको व्यवस्था गरिएको छ । त्यस्तै, शिक्षकहरुको मूल्याङ्कनका लागि माथि उल्लेखित बुँदाहरुमा क्रमशः ०.५, ०.४, ०.३ र ०.२ अंक भनिएको छ ।

### वर्तमान अभ्यास :

१. प्रचलित कानूनमा भएको उल्लेखित विधि तथा आधारहरु बमोजिम नियुक्त प्रधानाध्यापकहरुको संख्या नगन्य भएको भन्दा बिमति नहोला । एकाध अपवादका स्थान र व्यक्ति बाहेक व्यवस्थापन समितिमा खासगरी अध्यक्षको आफ्नानिकटलाई विद्यालयको नेतृत्व सुम्पने परिपाटी प्रचलनमा रहेको छ । योग्यता, दक्षता, क्षमता, अनुभव तथा तह र श्रेणीका सवालहरुमा कसैले पनि प्रश्न उठाउने गरेका छैनन् । स्थायी, अस्थायी, राहत अनुदान, लियन, नीजि श्रोत जस्ता कुनैपनि तरिकाले विद्यालयमा नियुक्त शिक्षक यदि समितिको अध्यक्ष र स्थानीय सरकारको दलका निकट छन् भने ती प्राथमिकतामा पर्ने वा पारिने अभ्यास व्यवहारमा सजिलै देख्न सकिन्छ ।

२. स्थानीय तह तथा जिल्ला लगायतका प्रदेश समेतका शिक्षा प्रशासन पनि नियमानुसारका प्रानाध्यापक नियुक्त गर्न ईच्छुक हुँदैनन् र उनीहरु आफैं सम्बन्धित क्षेत्रका सरकारलाई रिफाउने र चाकडीमै व्यस्त रहने स्थिति छ भन्दा अन्यथा नहोला । विगतमा कतिपय विद्यालयका प्रअ नियुक्तीमा समितिका अध्यक्षहरुलाई एक थान कुखुराको भाले पहिलो शर्त हुने गरेको समाचार बाहिर आएकै हो । हाल सो अभ्यासले समिति, शिक्षा प्रशासन, स्थानीय सरकार र पेशागत संस्थाहरुका नेतृत्व समेत संलग्न समूहमा परिवर्तित आकार र प्रकारका शैलीमा थप विकसित भैरहेको भन्न सकिन्छ ।

३. कुनैबेला मकवानपुरका एक शिक्षा अधिकारीले स्नातक उत्तीर्ण नगरेका प्रअले एसएलसी वा एसईईको प्रमाणपत्रमा गरेको हस्ताक्षर गैरकानूनी हुने भन्दा घेराउमा परेको घटना हामीले बिर्सेका छैनौं । तत्कालिन उच्च माविका प्रअ स्नातकोत्तर गरेको हुनैपर्ने भन्दा सो योग्यताका शिक्षक नै पाईदैन समेत भनियो । दरबन्दी नभएको कारणले नियम बमोजिमका प्रअ नियुक्त गर्न नसकेको भन्दै पन्छिने शिक्षा प्रशासन दरबन्दी मिलानमा रुची देखाउँदैनन् । कहिले समिति र कहिले स्थानीय सरकारका कारणले नियम कार्यान्वयन गर्न नसकेको उनीहरुको गुनासो छ। दरबन्दी भएकामा ऐन नियम कार्यान्वयन गर्न पनि दलहरु र प्रतिनिधिहरुकै ईशारा पर्खने संस्कारबाट ग्रस्त हाम्रा विद्यालयहरु कहिले फेरिने हो ?

४. योग्यता भएका स्थायी शिक्षकले जिम्मेवारी नै लिन नचाहेको कारणले तल्लो तहमा स्थायी भएको वा राहत अनुदान तथा करार अनि निजी श्रोत समेतकालाई प्रअ बनाउनु परेको भन्नेहरु पनि नभएका होईनन् । विद्यालय तहको शिक्षालाई स्थानीय तहमा संविधानले किटानी व्यवस्था गरेको छ । सम्बन्धित स्थानीय तहमा शिक्षक मिलान र प्रअ व्यवस्थापन गर्न प्रचलित कानूनले अवरोध गर्दैन । यो नियत र चाहनासँग जोडिएको विषय भन्न सकिन्छ । आ-आफ्नो पालिकामा शिक्षा व्यवस्थालाई उन्नत, आकर्षक र प्रभावकारी बनाउने अभिभारा बोकेको कतिपय स्थानीय सरकार र सम्बन्धित तहका शिक्षा प्रशासनको भूमिकालाई उदाहरणका रुपमा लिन सकिन्छ ।

### हाम्रा अपेक्षा

१. विद्यालयका प्रधानाध्यापकहरु नियम कानून बमोजिम नियुक्त हुनै पर्दछ भन्दा अत्युक्ती नहोला। प्रधानाध्यापकलाई जिम्मेवारीका आधारमा प्रदान गर्नुपर्ने सुविधा पर्याप्त हुनैपर्दछ । माध्यमिक विद्यालयको प्रअ भत्ता रु ५०० मासिक हुँदा उक्त तनाव किन बोक्ने भन्ने स्थितिलाई अन्त्य गर्नैपर्दछ। नियमावलीमा टेकेर प्रधानाध्यापक नियुक्त गर्ने हो भने हाम्रा शिक्षण संस्थाहरुले अपेक्षित नतिजा प्रदान गर्न सक्ने आधार बन्दछ ।

२. प्रधानाध्यापक नियुक्तीका लागि सम्बन्धित स्थानीय तहले नै पहलकदमी लिई विज्ञापन गर्नुपर्दछ । हालै चाँगुनारायण नगरपालिकालाई उदाहरणको रुपमा लिन सकिन्छ । बाहिर समाचारमा नआएका तर काम भने बिधि बमोजिम नै गरिरहेका अरु स्थानीयह तहहरुबाट पनि असल अभ्यासहरु सिक्न सकिन्छ । विधिपूर्वक छनौट भएका प्रअहरुसँग समिति र स्थानीय तहले करार सम्झौता गर्न कतै रोक लगाइएको छैन ।

३. प्रधानाध्यापक विद्यालयको कार्यकारी नेतृत्व भएकाले पनि सबै प्रकारका गलत हस्तक्षेपबाट उक्त पदलाई मुक्त गरिनै पर्दछ। असक्षम र गैर शैक्षिक क्रियाकलापमा संलग्न रहेको अवस्थामा तत्काल दण्ड दिनै पर्दछ। एक विद्यालयमा बदनाम भएकालाई अर्कोमा सारेर संरक्षण गर्ने परिपाटी कदापि उपयुक्त होईन । असल र राम्रा कामको प्रशंशा गर्न आफन्त र दल निकटकै खोजिरहन जरुरी छैन ।

४. विद्यालयको आर्थिक जवाफदेहिता प्रअमै निहित हुनेहुनाले आर्थिक पारदर्शिता नागरिकको अपेक्षा हुनुलाई स्वभाविक मान्नैपर्दछ । सदाचारी र उदाहरणीय नेतृत्वबाट मात्र शिक्षण संस्थाको अपेक्षित प्रगति सम्भव हुने कुरामा शंका छैन ।

५. अन्तमा, प्रधानाध्यापक सम्बन्धित शिक्षण संस्थाको शैक्षिक, भौतिक र आर्थिक नेतृत्व भएकाले पनि सम्बन्धित समिति र स्थानीय तहले गम्भिरतापूर्वक निर्णय लिनु जरुरी हुन्छ । सबै शिक्षकहरु प्रअ हुन सक्लान् तर प्रअ बन्न सक्दैनन् । नेतृत्व सीपसँग जोडिएको पक्षलाई नजर अन्दाज गर्न मिल्दैन । अनि, सबै प्रअहरु असल शिक्षक भने बन्नै पर्दछ। सम्बन्धित विद्यालयका शिक्षक कर्मचारीका सवालमा निर्णय गर्नसक्ने अधिकार भएकै कारणले पनि निजी स्कूलहरुको नतिजा राम्रो भएको भन्न सकिन्छ । यस आलेखमा प्रअलाई जोडेर व्याख्या हैन, संक्षिप्तमा विषयहरु उठान गरि जिम्मेवार पक्षको ध्यानाकर्षणसहित शिक्षण संस्थाहरुको नेतृत्व बहुप्रतिभाशाली र सदाचारी हुनैपर्ने अपेक्षा गरिएको छ ।

# बाल विकास, बाल सिकाइ र बाल मनोविज्ञान



✍ **सिएम रिमाल**

मानव जीवनको सबैभन्दा संवेदनशील, प्रभावशाली र आधारभूत चरण बाल्यकाल हो । यही चरणमा बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र भावनात्मक विकासको जग बसालिन्छ । बाल्यकालमा प्राप्त अनुभव, सिकाइ र वातावरणले व्यक्तिको भविष्यको व्यवहार, सोच, व्यक्तित्व र सामाजिक सम्बन्धलाई गहिरो रुपमा प्रभावित गर्छ। त्यसैले बाल विकास, बाल सिकाइ र बाल मनोविज्ञानको अध्ययन शिक्षाशास्त्र र समाज दुवैका लागि अत्यन्त महत्वपूर्ण मानिन्छ ।

बाल विकास भन्नाले जन्मदेखि किशोरावस्थासम्म बालबालिकामा देखिने शारीरिक, मानसिक, भावनात्मक, सामाजिक तथा भाषिक परिवर्तनहरूको निरन्तर प्रक्रियालाई बुझिन्छ । बच्चा जन्मिँदा पूर्ण विकसित हुँदैन, समयसँगै उसले हिँड्न, बोल्न, सोच्न, अनुभूति गर्न र समाजसँग घुलमिल हुन सिक्छ । शारीरिक विकास अन्तर्गत हड्डी, मांसपेशी, स्नायु र मोटर सीपहरूको वृद्धि हुन्छ भने मानसिक वा संज्ञानात्मक विकासले सोच्ने, सम्झने, तर्क गर्ने र समस्या समाधान गर्ने क्षमताको विकास गर्छ । त्यस्तै भावनात्मक विकासले बच्चालाई आफ्ना भावना बुझ्न, व्यक्त गर्न र नियन्त्रण गर्न सक्षम बनाउँछ भने सामाजिक विकासले सहकार्य, मित्रता र सामाजिक मूल्यहरू सिकाउँछ । भाषा विकासले बच्चालाई सञ्चार गर्न र ज्ञान आदान-प्रदान गर्न सहयोग पुऱ्याउँछ ।

बाल विकासमा आनुवंशिक गुण र वातावरण दुवैको महत्वपूर्ण भूमिका हुन्छ । बच्चाले जन्मसँगै केही क्षमता लिएर आउँछ तर परिवार, विद्यालय, समाज, संस्कृति र अनुभवले ती क्षमताहरूलाई आकार दिन्छ। मायालु र सुरक्षित वातावरणमा हुर्किएका बालबालिकामा आत्मविश्वास, जिज्ञासा र सिर्जनशीलता बढी देखिन्छ भने उपेक्षा, हिंसा वा डरको वातावरणमा हुर्किएका बालबालिकामा मानसिक समस्या र व्यवहारिक कठिनाइ देखिन सक्छ ।

बाल सिकाइ बाल विकासको अभिन्न अङ्ग हो। सिकाइ भनेको केवल कक्षा कोठामा पढाइने किताबको ज्ञान मात्र होइन, बालबालिकाले दैनिक जीवनका अनुभव, खेल, अवलोकन, संवाद र प्रयोगबाट पनि सिक्छन् । बालबालिका प्राकृतिक रूपमा जिज्ञासु हुन्छन् । उनीहरूले प्रश्न सोध्ने, अनुकरण गर्ने र नयाँ कुरा प्रयास गर्ने माध्यमबाट संसार बुझ्न खोज्छन् । यस प्रक्रियामा शिक्षक, अभिभावक र साथीहरूको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ ।

बाल सिकाइ विभिन्न सिद्धान्तहरूद्वारा व्याख्या गरिएको छ। केही सिद्धान्त अनुसार बालबालिकाहरुले पुरस्कार र दण्डबाट सिक्छन् भने केही अनुसार बालबालिकाहरुले आफ्नै सोच र अनुभवबाट ज्ञान निर्माण गर्छन् । सामाजिक वातावरणमा अरूलाई हेरेर सिक्ने प्रक्रिया पनि बाल सिकाइको

...बाँकी पृष्ठ ३ मा

# हेटौँडाका रम्तेल र राईलाई सामुदायिक सम्मान



समाज संवाददाता

हेटौँडाः हर्नामाडी कला प्रतिष्ठानका अध्यक्ष हर्क रम्तेल र हेटौँडाकी अग्रज महिला उद्यमी ताराकुमारी राईलाई रेडियो मकवानपुरले सामुदायिक सम्मान प्रदान गरेको छ । रेडियो मकवानपुरको १६ औं वार्षिकोत्सव एवम् रेडियोको सञ्चालक संस्था दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्थाको २८ औं स्थापना दिवसको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रमको बिहीबार भएको समापन समारोहमा रम्तेल र राईलाई जनही १० हजार रुपैयाँसहित दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरिएको हो ।

समुदायमा उल्लेखनीय योगदान पुऱ्याएको भन्दै उहाँहरुलाई सामुदायिक सम्मान २०८२ प्रदान गरिएको हो । रम्तेलको अगुवाईमा गुम्बाडाँडा पार्क निर्माण हुनुका साथै हेटौँडा-१८, हर्नामाडीमा वैदिक संस्कृत गुरुकुलसमेत सञ्चालन भइरहेको छ । गुरुकुलमा दलित तथा गैरदलित बटुकहरुले संस्कृत शिक्षा अध्ययन गरिरहेका छन् । अन्तर्राष्ट्रिय मूर्तिकला कार्यशालाबाट सुरु भएको गुम्बाडाँडा अहिले मकवानपुरको चर्चित पर्यटकीय स्थलको रुपमा रहेको छ ।

साढे २ दशकदेखि सौन्दर्यकर्मीको रुपमा कार्यरत रहेकी राईले हालसम्म ६ हजार जना महिलालाई ब्युटिसियन तालिम प्रदान गरिसक्नुभएको छ । उहाँले तालिम दिनुभएको धेरै महिलाहरु अहिले पार्लर सञ्चालन गरी स्वरोजगार रहेका छन् ।

यस्तै, रेडियो मकवानपुरको वर्ष कर्मचारी सम्मानबाट रेडियोका प्राविधिक नवीन आले मगर सम्मानित हुनुभएको छ । उहाँलाई नगद ७ हजार रुपैयाँसहित सम्मान गरिएको हो । रेडियोले वार्षिकोत्सवको अवसरमा २ जनालाई सामुदायिक सम्मान र हरितालिका तीजको अवसरमा २ महिलालाई जागरुक महिला सम्मान प्रदान गर्दै आएको रेडियो मकवानपुरका स्टेशन म्यानेजर गणेशदर्पण अधिकारीले जानकारी दिनुभयो ।

कार्यक्रममा हेटौँडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाले लोकतान्त्रिक गणतन्त्र अभ्यास गरिरहेका नेपालजस्तो देशका लागि सञ्चार पहिलो शर्त भएको बताउनुभयो । उहाँले सामुदायिक रेडियो सार्वजनिक हितका लागि गैरनाफामूलक उद्देश्यसहित सञ्चालन हुने भएकाले यसको आवश्यकता अझ बढ्दै गएको धारणा राख्नुभयो । पछिल्ला वर्षहरूमा देखिएको आर्थिक मन्दीका कारण सामुदायिक रेडियोहरू पनि प्रभावित भएको र कतिपय रेडियो बन्द हुने अवस्थामा पुगेकोमा नगर प्रमुख लामाले चिन्ता व्यक्त गर्नुभयो ।

सामान्यतयाः निजी र सामुदायिक रेडियो उस्तै देखिए पनि सामग्री प्रस्तुति र समाजप्रतिको उत्तरदायित्वमा सामुदायिक रेडियो फरक रहेको उहाँको भनाइ थियो । रेडियोको प्रभावकारिता इतिहासले प्रमाणित गरिसकेको उल्लेख गर्दै विश्वका युद्धहरु, नेपालको २००७ सालको जनक्रान्ति तथा माओवादी जनयुद्धमा रेडियोको प्रयोगको चर्चा गर्नुभयो । उहाँले युद्धमा मात्र नभई ठूला प्राकृतिक विपद्हरूमा पनि रेडियो प्रभावकारी माध्यम बनेको बताउनुभयो ।

वाषिकोत्सवको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रम अन्तर्गत भएको मिडिया कप फुटसल प्रतियोगिताका विजेता टिम टेलिभिजन र उपविजेता नेपाल पत्रकार महासंघ मकवानपुर शाखालाई नगदसहित ट्रफी प्रदान गरिएको थियो । सप्ताहव्यापी कार्यक्रम अन्तर्गत रक्तदान, संस्कृत वेद विद्यालयलाई खाद्यान्न वितरण, मिडिया कप फुटसल प्रतियोगिता, सञ्चारिका समूहलाई सेनेटरी प्याड वितरण तथा निर्वाचन आचारसंहितासम्बन्धी अन्तरसंवादलगायत कार्यक्रम आयोजना गरिएको थियो ।

दिव्यतारा बहुउद्देश्यीय सहकारीका अध्यक्ष एवम् बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठको अध्यक्षतमा भएको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक पुस्कर बोगटी, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाट, जिल्ला बहुउद्देश्यीय सहकारी संघ मकवानपुर अध्यक्ष रामहरि न्यौपाने, नेपाल पत्रकार महासंघ मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारी, जिल्ला सहकारी संघ मकवानपुर अध्यक्ष नारायण देवकोटा, हेटौँडा १ का वडा अध्यक्ष सविन न्यौपाने, हेटौँडा ८ नम्बर वडा अध्यक्ष राम थापा, ११ नम्बर वडा अध्यक्ष जुना दाहाल, रेडियो मकवानपुर सञ्चालक समितिका अध्यक्ष आनन्दराम पराजुलीलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# आयुर्वेद चिकित्सालयमा अन्तरंग सेवा सञ्चालन तयारी



समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित आयुर्वेदिक तथा वैकल्पिक चिकित्सालयमा अन्तरंग (वार्ड) सेवा सञ्चालन गर्नका लागि जनशक्ति तयारी अवस्थामा पुगेको छ । यसअघि जनशक्ति अभावको कारण वार्ड अर्थात् अन्तरंग सेवा सञ्चालन गर्न नसकेको चिकित्सालयमा केही जनशक्ति थप भएपछि सेवा सञ्चालनका लागि तयारी अवस्थामा पुगेको हो ।

चिकित्सालयमा आयुर्वेद चिकित्सक र कविराज थप भएपछि सेवा सञ्चालनको तयारी गरिएको छ । गत पुसबाट करारमा आठौं तहका आयुर्वेद चिकित्सक र संघीय सरकारबाट छात्रवृत्ति करारमा चिकित्सक थप भएको छ । यस्तै, गत माघ ९ गतेबाट प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई पाँचौं तहको एक जना कविराज चिकित्सालयमा आएको चिकित्सालयका सूचना अधिकारी अशोककुमार झाले जानकारी दिनुभयो । नर्सहरुको संख्या हाल २ जनामात्र भएपनि व्यवस्थापन गरी अन्तरंग सेवा सञ्चालन गर्न सकिने उहाँले स्पष्ट पार्नुभयो ।

रात्रीकालीनरुपमा चिकित्सालय सञ्चालन गरेपछि आवश्यक पर्ने संरक्षक अर्थात हेरालुको पदपूर्ति नभएको सूचना अधिकारी झाले बताउनुभयो । निर्वाचन आचारसंहिता लागू भएपछि नयाँ कर्मचारी नियुक्त गर्न नपाइने भएकाले काम रोकिएको उहाँले बताउनुभयो । निर्वाचनलगत्तै बाँकी प्रक्रिया पूरा गरी अन्तरंग सेवा सञ्चालन गरिने चिकित्सालयले जनाएको छ ।

चिकित्सालयमा आउने पाइल्स, बाथरोग, दुखाइलगायतका विभिन्न स्वास्थ्य समस्यामा आयुर्वेदिक चिकित्सकको निगरानीमा भर्ना गरेर उपचार गर्नुपर्ने भएपनि जनशक्तिको अभावले अन्तरंग सेवा सुरु हुन सकेको थिएन । हाल यस चिकित्सालयमा ११ जनाको दरबन्दी रहेकोमा ५ जना स्थायी र बाँकी करारमा कर्मचारीहरु कार्यरत रहेका छन् । कर्मचारीहरुमा नवौं तहको चिकित्सक एक जना , आठौं तहको चिकित्सक एक जना, बैद्य कविराज ३ जना, लेखा तथा प्रशासनतर्फ एक जना, फिजियोथेरापिष्ट एक जना, अक्कुपञ्चर सहायक एक जना, पूर्वकर्म/पञ्चकर्म सहायक एक जना, कार्यालय सहयोगी २ जना, अभ्यङ्गकर्ता (मालिसकर्ता) २ जना, स्वीपर र माली एक-एक जना कार्यरत छन् ।

## बाल विकास...

महत्वपूर्ण पक्ष हो । समूह कार्य, खेलकुद, छलफल र सहकार्यले बालबालिकाको सिकाइलाई अझ प्रभावकारी बनाउँछ । यसैले आधुनिक शिक्षण पद्दतिले बालकेन्द्रित, सहभागितामूलक र अनुभवमा आधारित सिकाइमा जोड दिन्छ ।

बाल मनोविज्ञानले बालबालिकाको मानसिक अवस्था, भावना, व्यवहार र व्यक्तित्व विकासलाई वैज्ञानिक रूपमा अध्ययन गर्छ । यसले बालबालिकाहरुको डर, खुसी, रिस, आत्मसम्मान, तनाव र व्यवहारिक प्रतिक्रियालाई बुझ्न सहयोग गर्छ । बाल मनोविज्ञानको ज्ञानले शिक्षक र अभिभावकलाई बालबालिकाका समस्या चिन्न र समाधान गर्न मद्दत पुऱ्याउँछ । उदाहरणका लागि, अत्यधिक चञ्चलता, एक्लोपन, आक्रामक व्यवहार वा पढाइमा ध्यान नदिने समस्या केवल अनुशासनको अभाव मात्र नभई मनोवैज्ञानिक कारणले पनि हुन सक्छ ।

बाल मनोविज्ञान अनुसार बाल्यकालका प्रारम्भिक अनुभवहरूले व्यक्तिको जीवनभर प्रभाव पार्छन् । यसैले बालबालिकाहरुलाई माया, सम्मान र सुन्ने अवसर दिनु अत्यन्त आवश्यक हुन्छ । जब बालबालिकाहरुले आफू सुरक्षित र मूल्यवान् महसुस गर्छ, तब उसले खुला रुपमा सिक्न र व्यक्त हुन सक्छ । सकारात्मक प्रोत्साहन, स्पष्ट सीमा र सहानुभूतिपूर्ण व्यवहारले बालबालिकाको मानसिक स्वास्थ्य सुदृढ बनाउँछ ।

विद्यालय बाल विकास र सिकाइको प्रमुख केन्द्र हो । विद्यालयले केवल शैक्षिक ज्ञान होइन, सामाजिक व्यवहार, नैतिक मूल्य र जीवन कौशल पनि सिकाउँछ । शिक्षकको व्यवहार, कक्षा वातावरण र शिक्षण विधिले बालबालिकाको सिकाइमा ठूलो प्रभाव पार्छ । डरको वातावरणभन्दा प्रोत्साहन र सहयोगको वातावरणमा बालबालिकाले राम्रो सिकाइ गर्छन् । त्यसैले शिक्षकले प्रत्येक बालबालिकाको क्षमता, रुचि र आवश्यकतालाई ध्यानमा राखी शिक्षण गर्नुपर्छ ।

आजको आधुनिक समाजमा बाल विकाससँग सम्बन्धित केही चुनौतीहरू पनि देखिएका छन् । आर्थिक असमानता, पारिवारिक विखण्डन, अत्यधिक डिजिटल प्रयोग, शैक्षिक दबाब र सामाजिक तनावले बालबालिकाको मानसिक र भावनात्मक विकासमा असर पुऱ्याइरहेका छन् । यस्ता चुनौतीहरु समाधान गर्न अभिभावक, शिक्षक, विद्यालय र समाज सबैले संयुक्त प्रयास गर्नुपर्छ । सन्तुलित पालन-पोषण, गुणस्तरीय शिक्षा, मानसिक स्वास्थ्यप्रति सचेतना र सहयोगी सामाजिक वातावरण आवश्यक पर्छ ।

बाल विकास, बाल सिकाइ र बाल मनोविज्ञान एक-अर्कासँग गहिरो रूपमा जोडिएका विषयहरू हुन् । यी तीनै पक्षलाई समग्र रूपमा बुझेर व्यवहारमा लागू गर्न सकियो भने मात्र स्वस्थ, सक्षम र जिम्मेवार नागरिक निर्माण गर्न सकिन्छ । बालबालिका भोलिको समाजका निर्माता मात्र होइनन्, उनीहरू आजका सक्रिय सदस्य पनि हुन् । त्यसैले बाल्यकाललाई सुरक्षित, सम्मानजनक र सिकाइमैत्री बनाउनु हाम्रो साझा दायित्व हो ।

यस सम्पूर्ण सन्दर्भमा विद्यालयको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ, किनकि विद्यालय बालबालिकाको दोस्रो घरजस्तै हो जहाँ उनीहरूको विकास, सिकाइ र मानसिक अवस्था निरन्तर रूपमा प्रभावित हुन्छ । विद्यालयले सुरक्षित, डरमुक्त र मैत्रीपूर्ण वातावरण सिर्जना गरी प्रत्येक बालबालिकाको व्यक्तिगत भिन्नतालाई सम्मान गर्नुपर्छ। शिक्षण प्रक्रिया बालकेन्द्रित, सहभागितामूलक र अनुभवमा आधारित हुनुपर्छ ताकि बालबालिकाले स्वतन्त्र रुपमा सोच्न, प्रश्न गर्न र सिर्जनशील बन्न सकून् । अनुशासनको नाममा कठोर दण्ड होइन, समझदारीपूर्ण व्यवहार र सकारात्मक प्रोत्साहन अपनाउन आवश्यक छ । साथै, बालबालिकाको भावनात्मक र मानसिक स्वास्थ्यमा ध्यान दिँदै शिक्षक, अभिभावक र विद्यालयबीच निरन्तर सहकार्य हुनुपर्छ । खेलकुद, कला र सह-पाठ्यक्रम गतिविधिलाई शिक्षासँग समान महत्व दिँदै प्रविधिको सन्तुलित प्रयोगमार्फत समग्र व्यक्तित्व विकासमा जोड दिनु आवश्यक छ । यसरी विद्यालयले बाल विकास, बाल सिकाइ र बाल मनोविज्ञानलाई व्यवहारमा उतार्न सकेमा मात्र शिक्षाले बालबालिकालाई ज्ञानसहित सक्षम, आत्मविश्वासी र जिम्मेवार नागरिकको रुपमा समाजमा स्थापित गर्न सक्छ ।

# मोटरसाइकल र अटो ठोकिँदा एक जना घाइते

समाज संवाददाता

हेटौँडा : हेटौँडामा मोटरसाइकल र अटो एकआपसमा ठोकिँदा बुधबार एक जना घाइते भएका छन् । त्रिभुवन राजपथ सडकखण्ड अन्तर्गत हेटौँडा-१, लोकप्रियमोडमा काठमाडौंबाट हेटौँडातर्फ आउँदै गरेको बा ३३ प ६३०६ नम्बरको मोटरसाइकल र हेटौँडा बजारबाट चौकिटोलतर्फ जाँदै गरेको ना २ ह १३६६ नम्बर अटो एकआपसमा ठोकिँदा दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । दुर्घटना भारतीय नागरिक हाल काठमाडौं बस्दै आएका ३५ वर्षीय फिराजुल मिया घाईते भएका हुन् । घाइते मियालाई उपचारका लागि हेटौँडा अस्पताल पठाइएको छ र भने अटो र अटो चालक हेटौँडा -११, थानाभऱ्याङ बस्ने ४२ वर्षीय राम लामा जिल्ला प्रशासन कार्यालय मकवानपुरको नियन्त्रणमा रहेको प्रहरीले जानकारी दिएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

हेटौँडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्याबरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## जनस्वास्थ्य कार्यालय, मकवानपुरद्वारा पाठेघरको मुखको क्यान्सरविरूद्ध एच.पी.भी.खोप सञ्चालन सम्बन्धी जनहितमा जारी सन्देश ।।।

मकवानपुर जिल्ला भित्रका विद्यालयहरुमा माघ २५ गतेदेखि माघ २९ गतेसम्म विद्यालय केन्द्रित नियमित एच.पी.भी. खोप संचालन हुँदैछ । उक्त खोप कार्यक्रममा कक्षा ६ मा अध्ययनरत छात्राहरुलाई खोप लगाइदैंछ । आफ्ना नानीहरु अध्ययन गर्ने विद्यालयमा पाठेघरको मुखको क्यान्सरविरुद्ध एच.पी.भी. खोप संचालन हुने दिनमा खोप लगाएको/नलगाएको सुनिश्चित गर्नुहोस् । उल्लेखित मितिमा खोप लगाउन छुट भएका कक्षा ६ मा अध्ययनरत छात्राहरु र विद्यालय नजाने १० वर्षका किशोरीहरुका लागि फागुन ६ गतेदेखि फागुन २२ गतेसम्म नियमित खोप क्लिनिकहरुमा समेत पाठेघरको मुखको क्यान्सर विरुद्ध एच.पी.भी खोप लगाइदैंछ । साथै गत वर्षको अभियानमा यो खोप लगाउन छुट भएका हाल कक्षा ७ देखि १० सम्म अध्ययनरत छात्रा वा विद्यालय नजानेको हकमा ११ देखि १४ वर्षसम्मका किशोरीहरुलाई पनि खोप लगाइनेछ । थप जानकारी चाहिएमा नजिकैको स्वास्थ्य शाखा/जनस्वास्थ्य कार्यालय/स्वास्थ्य संस्था वा महिला स्वास्थ्य स्वयम्सेविकाहरुसँग सम्पर्क राखौं वा निःशुल्क कल सेन्टर १११५ मा सम्पर्क गरौं ।

जिल्ला खोप समन्वय समिति एवम् जनस्वास्थ्य कार्यालय, मकवानपुर

वास्तु किन चाहिन्छ ?
Scientific & Modern
तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?
❖ पन्चतत्व सन्तुलित राख्न,
❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
❖ गृहस्थी जीवन सन्तुलन राख्न,
वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।
❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।
तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।
निशूल्क परामर्श
❖ Mobile Numerology,
❖ Crystal Remedy
Contact :
Sanukajis Ghalan
9766120056
9824224095

# बालज्योति माविमा विद्यार्थीको कला चौतारी


'बालज्योति कथा चौतारी' मा रचना प्रस्तुत गर्दै एक विद्यार्थी ।

**समाज संवाददाता**

हेटौँडा : हेटौँडा-५, पिप्लेस्थित बालज्योति माविमा विद्यार्थीले कला चौतारीमा आफ्ना कला प्रस्तुत गरेका छन् । विद्यालयको पिपल चौताराामा सुन्दर सज्जासहित तयार पारिएको कला चौतारीमा विद्यार्थीले कविता, गीत, कथा, आलेख प्रस्तुत गरेका छन् । विद्यालयको स्वर्ण महोत्सवको अवसरमा आयोजित विविध कार्यक्रमअन्तर्गत बिहीबार कला चौतारीको आयोजना गरिएको हो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रविन्द्रनाथ पोखरेलको अध्यक्षता तथा वडाध्यक्ष सुशील घिमिरेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा अभिभावक, वडाभित्र बसोबास गर्ने साहित्यकार, जनप्रतिनिधिको सहभागिता रहेको थियो । विद्यालयले 'बालज्योति कला चौतारी'लाई नियमित अभ्यासमा लैजाने बताएको छ । विद्यालयका प्रधानाध्यापक भरत अर्यालले विद्यार्थीको क्षमता प्रष्फुटनका लागि बालज्योति कला चौतारी कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

कला चौतारीमा आफ्ना कला प्रस्तुत गर्ने क्रममा विद्यार्थीहरु मौलिक पोशाकमा सहभागी भएका थिए । थारु समुदायका विद्यार्थीले थारु भाषामै गीत गाएका थिए । विद्यार्थीले वाद्यवादन कला पनि प्रस्तुत गरेका थिए । कला चौतारी कार्यक्रमकै बीच विद्यार्थीले तयार पारेको द्वैमासिक भित्ते पत्रिकाको विमोचन समेत गरिएको थियो । विद्यार्थीको रचनात्मक क्षमता विकास गर्न भित्ते पत्रिका प्रकाशनको सुरुवात गरिएको विद्यालयले जनाएको छ ।

बालज्योति कथा चौतारी कार्यक्रममै विद्यार्थीले स्थलगत चित्रकलाको अभ्यास समेत गरेका छन् । कथा चौतारीमा ५ कक्षादेखि १० कक्षासम्मका १८ जना विद्यार्थीले आफ्ना रचना प्रस्ततु गरेका थिए । स्वर्ण जयन्तीको सुरुवातमा गत सोमबार प्रभातफेरीसहित विशेष समारोहको आयोजना गरिएको थियो । मंगलबार साइकल ऱ्यालीको आयोजना गरेको विद्यालयले बुधबार धार्मिक एवम् सार्वजनिक स्थलको सरसफाई गरिएको थियो । विद्यालयले माघ २८ गते स्वर्ण महोत्सवको समापन समारोह हुनेछ । १० कक्षासम्म पठनपाठन हुने बालज्योति माविमा १ हजार ५ सय विद्यार्थी अध्ययनरत छन् ।

## छुट्टाछुट्टै घटनामा एकैदिन २ जनाको मृत्यु

# एकजनाको शव सडेगलेको अवस्थामा बरामद

**समाज संवाददाता**

हेटौँडा : बागमती प्रदेशको काभ्रेपलाञ्चतोक जिल्लामा भएको छुट्टाछुट्टै घटनामा बुधबार एकैदिन २ जनाको मृत्यु भएको छ । यता धादिङ जिल्लामा भने एकजनाको शव सडेगलेको अवस्थामा भेटिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

धादिङको निलकण्ठ नगरपालिका-५, देउरालीमा बुधबार दिउँसो स्थानीय ६० वर्षीय चेतबहादुर मगरको शव घरदेखि पश्चिममा रहेको सिस्नेरी खोला किनारमा सडेगलेको अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । मगर २५ दिनअघि घरबाट बेपत्ता भएका थिए । मगरको शव पोसमार्टमका लागि जिल्ला अस्पताल धादिङबेशी पठाइएको छ ।

काभ्रेको बनेपा नगरपालिका-१३, साँगामा आगोले पोलेर एक जनाको मृत्यु भएको छ । माघ १४ गते तामाकोशी गाउँपालिका-४, मालु घर भई हाल साँगास्थित छोरीको कोठामा बस्दै आएकी ७५ वर्षीया टंकमाया खड्का आगो ताप्ने क्रममा आगोले पोलेर घाईते भएकी थिइन् । बुधबार दिउँसो २ बजेर ४१ मिनेटको समयमा कीर्तिपुर वर्न अस्पतालमा उपचारको क्रममा मगरको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, बुधबार नै काभ्रेको पाँचखाल नगरपालिका-४ लामिडाँडामा बस र मोटरसाइकल ठोकिँदा एक जनाको मृत्यु भएको छ । अरनिको राजमार्ग सडकखण्डमा धुलिखेलबाट दोलालघाटतर्फ जाँदै गरेको बा प्र ०२-०३० प ८०१३ नम्बरको मोटरसाइकल र बाह्रबिसेबाट काठमाडौंतर्फ जाँदै गरेको बा ३ ख ८४३ नम्बरको बस एकआपसमा ठोकिँदा दुर्घटना भएको थियो । दुर्घटनामा मोटरसाइकल चालक सिन्धुपालचोक जिल्लाको जुगल गाउँपालिका-५ का २६ वर्षीय सुशील आले मगर घाइते भएका थिए । बुधबार दिउँसो ३ बजेर ४० मिनेटको समयमा धुलिखेल अस्पतालका डाक्टरले मगरलाई मृत्त घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । बस र बस चालक सिपाबलेफी गाउँपालिका-५ का ५३ वर्षीय नानीबाबु ठकुरी जिल्ला प्रशासन कार्यालय काभ्रेको नियन्त्रणमा रहेको छ ।

# कैलाशमा २५५ जनामा एचपिभी खोप लगाईदैं

**समाज संवाददाता**

हेटौँडा : पाठेघरको मुखको क्यान्सर गराउने ह्युमन प्यापिलोमा भाइरस विरुद्धको एचपिभी खोप राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत मकवानपुरको कैलाश गाउँपालिकाका २५५ जनालाई लगाइने भएको छ । गाउँपालिकास्तरीय खोप समन्वय समितिले बिहिबार अभिमुखीकरण कार्यक्रम गर्दै खोप सेवा सञ्चालन गरिने भएको हो ।

गाउँपालिकाका प्रमुअ प्रशासकीय अधिकृत रामप्रसाद शर्मा कँडेलको अध्यक्षतामा अभिमुखीकरण कार्यक्रम गरिएको थियो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत शर्माले क्यान्सर जस्तो जटिल रोगको निदान गरिनुपर्ने भन्दै विद्यालयमा सहज वातावरण निर्माण गरी खोप कार्यक्रम सञ्चालन गर्न निर्देशन दिएका छन् । कार्यतालिका बनाएर काम गर्न आग्रह गर्दै वडा तहबाट पनि आवश्यक समन्वय गरी लक्षित वर्गका किशोरीहरु पहिचान गरी खोप लगाउनुपर्ने उनले बताए । नेपालमा दैनिक सरदर ४ जनाको पाठेघरको क्यान्सरका कारण मृत्यु भइरहेको तथ्यांक छ ।

कार्यक्रममा वडा ९ का अध्यक्ष भूवन सिंह घलानले गत वर्ष छुटेका किशोरीहरुलाई पनि समेट्दै यो खोप लगाउनुपर्ने बताए । उनले भौगोलिक विकटताले गर्दा विद्यालय बाहिर पनि लक्षित उमेर समूहका किशोरी रहेकाले वडा तह र स्वास्थ्यकर्मीको साथमा विद्यालयले पनि सहयोग गरी खोप अभियान सञ्चालन गरिनुपर्ने बताए । स्वास्थ्य शाखा प्रमुख तिलकप्रसाद गौतमले विद्यालयका दुई सय जना र गतवर्ष छुटेका र विद्यालय बाहिरका ५५ जना गरी २५५ जनालाई खोप लगाइने बताए ।

गाउँपालिकाको १० वटा सामूदायिक विद्यालयमा खोप अभियान सञ्चालन हुनेछ । जसमा वडा १ मा ९ जना, वडा २ मा २५ जना, वडा ३ मा ५४ जना, वडा ५ मा ९ जना, वडा ६ मा १९ जना, वडा ७ मा १९ जना र वडा ८ मा ८ जना, वडा ९ मा ३२ जना र वडा १० मा २५ जना छात्राहरुमा खोप लगाइने गौतमले बताए । विद्यालयका कक्षा ६ मा अध्ययनरत छात्रालाई लगाइने यो खोप पाठेघरको मुखको क्यान्सर विरुद्ध हो । यसको रोकथाम गर्न प्राथमिक तहमा यस खोप दिने र यो खोप प्रारम्भिक किशोरावस्थामा दिनु बढी प्रभावकारी हुने भएकाले १० वर्षदेखि १४ वर्ष उमेर समूहमा दिइने स्वास्थ्य प्रमुख गौतमले बताए ।

गतवर्ष गाउँपालिकाका एक हजार जनामा खोप लगाइने लक्ष्य राखिए तापनि ९५८ जनामा खोप लगाइएको गौतमले बताए । अभिमुखीकरण कार्यक्रममा वडा ९ का वडाध्यक्ष भूवन सिंह घलान, वडा १० का अध्यक्ष सूर्यबहादुर ब्लोन, वडा ४ का अध्यक्ष तिलकबहादुर मोक्तान, स्वास्थ्य चौकी ईन्चार्ज, विभिन्न शाखाका प्रमुखहरुको उपस्थिती रहेको थियो ।

# शिक्षक हाजिरीजवाफमा श्रिजु र गोकर्णको जोडी प्रथम


हाजिरीजवाफ प्रतियोगिताको विजेता शिक्षकलाई पुरस्कृत गरिँदै ।

**समाज संवाददाता**

हेटौँडा : हेटौँडा-१७, हटियास्थित बालबोध माध्यमिक विद्यालयको वार्षिकोत्सवको अवसरमा सामुदायिक विद्यालयका शिक्षकहरु बीच भएको चौथो संस्करणको हाजिरीजवाफ प्रतियोगितामा श्रिजु ढकाल र गोकर्ण घिमिरेको जोडी प्रथम भएको छ । बिहीबार बालबोध माविको ७४ औँ वार्षिकोत्सवको अवसरमा आयोजित प्रतियोगितामा हेटौँडा-१७ स्थित राजदेवी माध्यमिक विद्यालयका शिक्षक ढकाल र घिमिरे प्रथम भएका हुन् ।

यस्तै हेटौँडा-५ स्थित लक्ष्मी आधारभूत विद्यालयका रामकृष्ण बिक र रचना अर्यालको जोडी द्वितीय र हेटौँडा-४ स्थित भुटनदेवी माध्यमिक विदालयका नविन अधिकारी र किशोर पोखरेलको जोडी तृतीय स्थान हासिल गरेका हुन् ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेहरुले क्रमशः ५ हजार, ३ हजार र २ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् । प्रतियोगितामा हेटौँडाका विभिन्न १३ वटा सामुदायिक विद्यालयको सहभागिता रहेको थियो । प्रत्येक विद्यालयबाट २ जना शिक्षक सहभागी भएका थिए ।

## त्रिभुवन माविको खेलकुद सप्ताह

# खेलसँगै परम्परागत सीपमा पनि प्रतिस्पर्धा


कथा चौतारीमा प्रस्तुत गर्ने कथा देखाउँदै विद्यार्थी ।

**समाज संवाददाता**

हेटौँडा : हेटौँडा-११ स्थित त्रिभुवन माध्यमिक विद्यालयमा मंगलबारदेखि वार्षिक खेलकुद सप्ताह सुरु भएको छ । शनिबारसम्म विभिन्न प्रतियोगिताहरु गरी खेलकुद सप्ताह मनाइने विद्यालयकी सहायक प्रधानाध्यापक शर्मिला घिमिरेले जानकारी दिनुभयो ।

खेलकुद सप्ताहको सुरुवाती तीन दिन विद्यार्थीहरुलाई मौलिक र व्यावहारिक सीपतर्फ केन्द्रित गरिएको छ । सप्ताहको पहिलो दिन मंगलबार 'कथा चौतारी', बुधबार विद्यार्थीहरूबीच धुप बनाउने प्रतियोगिता र बिहीबार विद्यार्थीहरूले टपरी गाँस्ने प्रतियोगिता सम्पन्न भएको छ । यस्तै खेलकुद सप्ताह अन्तर्गत शुक्रबार र शनिबार रिले दौड, लङ्ग जम्प, ट्रिपल जम्प, भलिबल, सटपुट र ज्याभलिन थ्रो लगायतका खेलहरू आयोजना गरिने सहायक-प्रधानाध्यापक घिमिरेले बताउनुभयो ।

घिमिरेका अनुसार विद्यालयमा अध्ययनरत कुल ६ सय ३८ जना विद्यार्थीमध्ये ५ सय जनाले विभिन्न प्रतियोगिताहरूमा सहभागिता जनाएका छन् । विद्यालयमा अध्ययनरत विद्यार्थीलाई रातो, हरियो, पहेँलो र निलो गरी चारवटा सदनमा विभाजन गरिएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
गोश्वारा हुलाक कार्यालय
जिल्ला हुलाक कार्यालय
मकवानपुर

"घरघरमा हुलाक, मनमनमा हुलाक"

नेपाल हुलाकबाट प्रदान हुँदै आएका तपसिलमा उल्लेखित सेवाको उपयोग गरी राष्ट्रको समृद्धिमा टेवा पुऱ्याउनुहुन अनुरोध छ ।

**प्रमुख सेवाहरू**

**१. साधारण चिठी पत्र सेवा**
यो सेवा अन्तरर्गत साधारण पत्र, दृष्टिबिहीनले प्रयोग गर्ने साहित्य, बुकपोष्ट, समाचार पत्र, हवाईपत्र, साना पाकेटहरु पर्दछन् ।
**२. रजिष्ट्री सेवा**
- चिठीपत्रलाई नियमानुसार Postal Internal Tracking system (PITS) प्रविष्ट गरी दर्ता चलानी र प्राप्तिको अभिलेख राखेर गरिने सेवा ।
- चिठीपत्र पुगे/ नपुगेको अवस्था थाहा पाउन त्चबअपष्लन को व्यवस्था ।

**३. पार्सल/पुलिन्दा सेवा**
- २ केजी देखि २० केजी सम्मको सामान पठाउन सकिने
- हुलाक वस्तुको अवस्था थाहा पाउन Tracking को व्यवस्था ।

**४. टिकट बिक्री सेवा**
- नियमित टिकट बिक्री र फिलाटेलिक सेवा

५. व्यवसायिक सेवा
द्रुत डाँक सेवा (Express mail service EMS)
- छिटोछरितो, सुरक्षित र भरपर्दो रुपमा चिठीपत्र, कागजात, सामान वा पार्सलहरु पठाउने माध्यम ।
- हुलाक वस्तुको अवस्था थाहा पाउन ट्र्याकिङ (Tracking) को व्यवस्था
- हुलाक वस्तुको छिटो ढुवानीको लागि प्राथमिकतामा राखी यसको गहनता बमोजिम स्थल वा हवाई मार्गबाट पठाउने व्यवस्था ।

**एजेन्सी सेवाहरू (प्रत्यायोजित अधिकार अन्तरर्गतका सेवाहरू)**
१. सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन ।
२. एफ.एम. रेडियो र केवल (अबदभि) नवीकरण तथा अनुगमन ।
३. प्रेस प्रतिनिधि पास, अनलाइन पत्रिका, संचारकर्मी परिचयपत्र नवीकरण ।
४. पत्रपत्रिका दर्ता तथा अङ्क प्रमाणितको लागि सिफारिस ।
५. छापा तथा विद्युतीय संचार माध्यमलाई लोक कल्याणकारी विज्ञापन प्रकाशन गरेबापत रकम भुक्तानी र सोको अनुगमन ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ